नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा विकास समिति
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

फोन : (९७७) १-४५९८०१३
४५९८०१४, ४५९८०१५
वेभ : www.aepc.gov.np
पो.ब.नं. १४३६४, काठमाडौं
ताहाचल, काठमाडौं

प.सं.:

च.नं.:

मिति २०८२/०१/१२

**आ.ब २०८१/८२ मा घरायसी बायोग्याँस निर्माण तथा जडान गर्नका लागि मान्यता प्राप्त सूचिकृत कम्पनीहरु सबैका लागि सूचना ।**

उपरोक्त सम्बन्धमा यस केन्द्रको चालु आ.ब २०८१/८२ मा घरायसी बायोग्याँस प्लाण्ट (जि.जि.सि २०४७, सुधारिएको जि.जि.सि २०४७ मोडेल) निर्माण, जडान तथा बिक्री पश्चातको सेवा सम्बन्धी कार्य गर्नका लागि मिति २०८१/१२/०५ मा मान्यता प्राप्त कम्पनीहरु सूचीकृत गरिएको व्यहोरा अवगत नै छ । यस सम्बन्धमा चालु आ.ब मा सूचिकृत भएका घरायसी बायोग्याँस निर्माण तथा जडान गर्ने कम्पनीहरुले सूचिकृत भएको मितिबाट नवीकरणीय ऊर्जा अनुदान नीति २०७८ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७९ तथा सो अन्तर्गत तोकिएको मापदण्ड बमोजिम निर्माण तथा जडान सम्पन्न गरेका घरायसी बायोग्याँस प्लाण्टहरुको सक्कलै अनुदान फारम र आवश्यक कागजात सहित प्लाण्ट निर्माण तथा जडान सम्पन्न प्रतिवेदन मिति २०८२/०२/१६ गते कार्यालय समय भित्र यस केन्द्रमा पेस गर्न हुन सूचित गरिन्छ ।

**पूनश्चः मिति २०८२/०२/१६ पश्चात प्राप्त हुने प्लाण्ट निर्माण तथा जडान सम्पन्न प्रतिवेदनको हकमा यस केन्द्रको आर्थिक दायित्व रहने छैन । साथै उक्त मिति भित्र केन्द्रको यस आ.व. को लक्ष्य हासिल भएमा पुनः सूचना मार्फत जानकारी गराइनेछ ।**

CamScanner